ह्योगो कार्यसंरचना

विश्वव्यापी विपद् जोखिम न्यूनीकरणको लागि संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले अनुमोदन गरेको साझा रणनीति नै "ह्योगो कार्यसंरचना" (Hyogo Framework for Action) हो । सन् २००५ को जनवरी १८ देखि २२ तारिखमा जापानको कोबे सहरमा आयोजित दोश्रो संयुक्त राष्ट्रसंघीय विपद् न्यूनीकरण विश्व सम्मेलनमा विश्वका १६८ राष्ट्रले सर्वसम्मत रूपमा ह्योगो कार्यसंरचनालाई अनुमोदन गर्दै अवलम्बन गर्ने प्रतिबद्धता जनाएका थिए ।

> विश्वव्यापी विपद् जोखिम न्यूनीकरणको लागि संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरुले अनुमोदन गरेको साझा रणनीति नै "ह्योगो कार्य संरचना" (Hyogo Framework for Action) हो ।

यस कार्यसंरचनाले सन् २०१५ सम्ममा विपद्को कारणले हुने मानवीय, सामाजिक, आर्थिक र वातावरणीय क्षतिलाई उल्लेख्य रूपमा कम गराई हरेक राष्ट्र र समुदायलाई प्रकोपविरुद्ध उत्थानशील (Resilience) बनाउने अपेक्षा राखेको छ ।

ह्योगो कार्यसंरचनाले पाँचवटा प्राथमिकता प्राप्त क्षेत्र निर्धारण गरेको छ । यसको प्रभावकारी कार्यान्वयनको लागि मार्ग-निर्देशक सिद्धान्तहरू तय गरिनुको साथै विपद्को जोखिममा रहेका समुदायलाई दिगो विकासको पृष्ठभूमिमा उत्थानशील तुल्याउन यसले व्यवहारिक तौरतरिकाहरू समेत सिफारिश गरेको छ ।

विकासका योजना र रणनीतिको केन्द्रबिन्दुको रूपमा विपद् जोखिम न्यूनीकरण हुनुपर्ने अवधारणालाई ह्योगो कार्य संरचनाले जोड दिएको छ । प्रकोपले विकासको उपलब्धिलाई चुनौती दिने र गरिबी बढाउने हुनाले बेलैमा गम्भीर कदम नचालिए सहश्राब्दी विकास लक्ष्यको प्रमुख तगारो नै प्रकोपसिर्जित क्षति हुनसक्नेतर्फ ह्योगो कार्यसंरचनाले सचेत गराएको छ ।

> यस कार्यसंरचनाले सन् २०१५ सम्ममा विपद्को कारणले हुने मानवीय, सामाजिक, आर्थिक र वातावरणीय क्षतिलाई उल्लेख्य रूपमा कम गराई हरेक राष्ट्र र समुदायलाई प्रकोपविरुद्ध उत्थानशील (Resilience) बनाउने अपेक्षा राखेको छ ।



ह्योगो कार्यसंरचनाका प्रमुख प्राथमिकता :

ह्योगो कार्यसंरचनाले पाँचवटा प्राथमिकताका कार्यहरू पहिचान गरेको छ। यसलाई ह्योगो कार्यसंरचनाको मुख्य भाग पनि मान्न सकिन्छ। प्रत्येक प्राथमिकता अन्तर्गतका सम्भावित कार्यहरूलाई यस संरचनाले विस्तृत रूपमा व्याख्या गरेको छ।

१. राष्ट्रिय र स्थानीय प्राथमिकताअनुसार संस्थागत सुदृढीकरणका आधारमा विपद् जोखिम न्यूनीकरणका कार्य सञ्चालन भएको सुनिश्चित गर्ने।

- संस्थागत सुदृढीकरणका लागि राष्ट्रिय ढाँचा, संस्थागत संरचना तथा कानुनी खाका, स्रोतको दिगो व्यवस्थापन र सामुदायिक सहभागितालाई सशक्त बनाउने।

२. प्रकोपको जोखिम पहिचान, मुल्याङ्कन र अनुगमन गर्ने तथा पूर्वचेतावनी प्रणालीलाई प्रभावकारी बनाउने।

- स्थानीय, क्षेत्रीय र राष्ट्रिय तहको जोखिम पहिचान, मूल्याङ्कन र अनुगमन गर्ने, पूर्वचेतावनी प्रणालीको विकास गर्ने र सम्भावित जोखिमको सामना गर्नसक्ने क्षमता अभिवृद्धि गर्ने।

३. ज्ञान, खोज र शिक्षाको उपयोग गरेर सबै तहमा सुरक्षात्मक संस्कृति र प्रकोपको सामना गर्ने क्षमता अभिवृद्धि गर्ने।

- स्थानीय र राष्ट्रिय तहमा सूचना व्यवस्थापन तथा आदान-प्रदान, शिक्षा तथा तालिम र अनुसन्धानसहित जनचेतना अभिवृद्धि गरेर सबै तहमा सुरक्षात्मक संस्कृतिको विकास तथा प्रकोप-सामना क्षमता अभिवृद्धि गर्ने।

४. जोखिमका आधारभूत कारकतत्व न्यूनीकरण गर्ने।

- वातावरण तथा प्राकृतिक स्रोत व्यवस्थापन, सामाजिक तथा आर्थिक विकासका अभ्यास र भू-उपयोग योजना तथा अन्य प्राविधिक उपाय अपनाएर जोखिमका खास कारक तत्वलाई घटाउने।

५ सबै तहमा प्रकोपको प्रभावकारी प्रतिकारका लागि शसक्त पूर्वतयारी गर्ने।

- प्रकोप व्यबस्थापनका लागि क्षेत्रीय, राष्ट्रिय तथा स्थानीय स्तरमा सम्बन्धित प्रविधि, तालिम एवम् मानव तथा भौतिक संसाधन विकास गरी नीतिगत, प्राविधिक तथा संस्थागत क्षमता सशक्त बनाउने।
- प्रकोपको जोखिम न्यूनीकरण प्रयास प्रभावकारी बनाउने उद्देश्यले पूर्वचेतावनी, जोखिम न्यूनीकरण, प्रकोप-सामना र विकासका क्षेत्रसँग सम्बन्धित सबै तहका संस्था र निकायबीचको छलफल, सूचना आदन-प्रदान र समन्वयमा सहयोग पुऱ्याउने एवम् अभिवृद्धि गर्ने।
- राष्ट्रको प्रकोप-समाना गर्ने क्षमतालाई प्रकोपले उछिन्ने अवस्थामा पनि त्यसको प्रभावकारी सम्बोधन भएको सुनिश्चित गर्ने तयारीका लागि क्षेत्रीयस्तरमा समन्वयात्मक पहलको विकास एवम् सुदृढीकरण, क्षेत्रीय नीतिनिर्माण वा सुधार गरेर कार्यसंयन्त्र, योजना तथा सूचनाप्रणालीको विकास गर्ने।
- प्रकोपको अतिजोखिमका क्षेत्र र समूहलाई दृष्टिगत गरी सबै तहमा पूर्वतयारी वा पूनरावलोकन र समयसापेक्ष परिमार्जन गरी उपयुक्त योजना तथा नीति बनाउने। प्रकोपका अवस्थामा तीव्र र प्रभावकारी सम्बोधन भएको तथा स्थानीय आवश्यकता अनुरूप उचित ढङ्गले खाद्य तथा अन्य आवश्यक बस्तुको सहयोग पुगेको सुनिश्चित गर्न तथा प्रकोप प्रभावित स्थान खाली गराउनेजस्ता पूर्वतयारीका नियमित अभ्यासलाई बढावा दिने।
- प्रकोपको सामना, क्षतिको भरथेग तथा पूर्वतयारीका उपायलाई सहयोग पुऱ्याउन पर्याप्तहुने गरी आवश्यकता अनुसारका स्थानमा सङ्कटकालीन कोषको स्थापना गर्ने प्रक्रियालाई प्रश्रय दिने।
- प्रकोपको जोखिम घटाउन, विशेषगरी स्वयमसेवी भावना बढाएर सक्रिय सहभागितालाई प्रवर्द्धन गर्नसक्ने प्रणाली तथा समुदाय र सरोकारवालामा स्वामित्वको भावना विकास गर्ने।